स्वामीकार्तिक खापर गाउँपालिका
Swamikartik Khapar Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
सुइजीउला वाई, बाजुरा
Suijeula Wai, Bajura
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpaschim Province, Nepal

प.सं. : ०८२।०८३ च नं. : ५८(लेखा) मिति : २०८३। ०१।२१
नेे.स. ११४६ बछलागा ३ सोमबार

श्री वडा कार्यालय (१-५) सबै
स्वामीकार्तिक खापर गाउँपालिका,बाजुरा

विषयः बस्तीस्तरको आयोजना/कार्यक्रम छनौट गर्ने सम्बन्धमा।

उपर्युक्त विषयका सम्बन्धमा यस स्वामीकार्तिक खापर गाउँपालिका आ.व. २०८३।०८४ को लागी आयोजना/ कार्यक्रम छनोट गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसार बैशाख मसान्तभित्र बस्तिस्तरको भेला मार्फत बस्तीस्तरको आयोजना/कार्यक्रम छनौट गरी जेठ १० गतेभित्र विषय क्षेत्र बमोजिम बर्गीकरण र प्राथमिकिकरण गर्नुपर्ने प्रावधान अनुसार आ.व. २०८३।०८४ को लागी प्रत्येक वडाको बजेट सिमाभित्र रही त्यहाँ कार्यालयका स्थानीय सरोकारवाल,लक्षित वर्गको प्रतिनिधिहरु समेतको समावेशी सहभागितामा सर्वदलीय,सर्वपक्षीय तथा सरोकारवालाहरुको राय सुझाव लिई बस्ती भेलाको आयोजना गरी तपसिलमा उल्लेखित बजेट प्राथमिकिकरणका आधारहरुमा रही मित २०८३।०२।०२ गते सम्म सबै विषयगत क्षेत्र समेत समेटी बस्ती तथा टोलस्तरबाट आयोजना/कार्यक्रमहरु छनौट गरी वडा समितिबाट आयोजजा/कार्यक्रमरुको प्राथमिकिकरण निर्धारण गर्ने व्यवस्था गर्नुहुन अनुरोध छ ।

बजेट प्राथमिकिकरणका आधारहरु

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने ।
- आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यक्रमहरुलाई तिव्रता दिने ।
- राज्यको लोक कल्याणकारी भूमिकालाई सुदृढ बनाउने ।
- सामाजिक सुरक्षा एवम् संरक्षण प्रदान गर्ने र सामाजिक न्याय सहितको समृद्दि हासिल गर्ने ।
- उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
- आम्दानी तथा रोजगारी अभिवृद्धि हुने ।
- लागत सहभागिता जुट्ने तथा स्थानीय श्रोत सीप र साधनको प्रयोग हुने ।
- समावेशी विकासमा योगदान हुने ।
- दीगो विकास,जलवायु अनुकूलन तथा वातावरण संरक्षण हित हुने ।

बोधार्थ

श्री सूचना प्रविधि शाखा गाउँपालिकाको वेबसाईट र फेसबुक पेजमा अपलोड गर्नु हुन ।

दयाराम जैशी
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत